

के तपाईंको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस १६ गते सोमबार ❑ 1 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गुरुङ समुदायले हर्षोल्लासका साथ मनाए तमु ल्होसार

पोखरापत्र संवाददाता

पोखरा, १५ पुस




गण्डकी प्रदेशमा गुरुङ समुदायको बाहुल्यता छ । गुरुङको उद्गमस्थल क्व्होलासोथार पनि यही पर्दछ । कास्कीको लमजुङको सिरान क्व्होलासोथारबाट गुरुङ समुदाय देशका विभिन्न भागमा छरिएका छन् । गुरुङहरूको उत्पत्ति र विकास भएको कास्कीका गुरुङले आइतबार हर्षोल्लासका साथ ल्होसार मनाएका छन् ।

गुरुङ भाषामा 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ नयाँ अथवा फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको गुरुङ समुदायको विश्वास छ । पुरानो वर्षलाई बिदाइ गर्दै नयाँ वर्षलाई स्वागत गरेर कास्कीका गुरुङले ' तमु ल्होसार' पर्व मनाएका हुन् । बाह्र राशि जस्तै गुरुङ जातिमा १२ पशुपंक्षीको नाममा १२ वटा वर्ग विभाजन गरिएको छ। सोही वर्गका आधारमा आजदेखि बिरालो वर्ग सकिएर गिद्ध वर्गसमेत सुरु भएको छ। ल्होसार मनाउने क्रममा पोखराका विभिन्न सङ्घसंस्थाले संस्थागत रुपमै विभिन्न कार्यक्रम गरेको थियो । पोखरामा प्रधान कार्यालय रहेको तमु धिं नेपालले बिहानैदेखि क्होइबो, गुम्बामा ग्रहशान्ति, पूजापाठ, बत्ती बाली गुरु एवं अग्रज पुज्ने काम गरिने गरिएको तमु धिं नेपालका अध्यक्ष हुम तमुले जानकारी दिनुभयो ।

दिउँसो पोखरा रानीपौवाबाट तमु ल्होसार शुभकामना पदयात्रा निकाली तमु धिं नेपालको प्राङ्गणमा पुगी ल्होसार विशेष, सम्मान तथा विविध सांस्कृतिक कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा शुभकामना आदानप्रदानसहित पुरस्कार अर्पण र मौलिक नृत्य प्रस्तुत गरिएको थियो । प्रदेशसभा सदस्य सरस्वती गुरुङले देश सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएपछि जातीय संस्कृति खुलेर मनाउन पाएको बताउनुभयो । जातीय संस्थामा नेतृत्व गर्ने व्यक्तिहरू कानुन बनाउने तहसम्म यही कारण पुगेको सांसद गुरुङको भनाइ थियो । "सङ्घीयता भनेको समातना हो, समावेशिता हो", सांसद गुरुङले भन्नुभयो, "सबै लिङ्ग जात, भूगोलका मानिसले समान रूपमा अवसर पाइन्छ भन्ने पनि हो ।" संसारभर छरिएर रहेको गुरुङ समुदाय एक भएमा भाषा, संस्कार, संस्कृति जोगाउन सकिने प्रदेशसभा सदस्य गुरुङले सुनाउनुभयो । उहाँले ल्होसार र ल्होछारमा मत भिन्नता नराख्न आग्रह गर्नुभयो । "अहिले ल्होसार र ल्होछारमा निकै विविधता पाइएको छ ।

यो आ-आफ्नो ठाउँबाट अपभ्रंस भएको हो यसलाई ठूलो समस्याका रूपमा नलिऔँ", गुरुङले भन्नुभयो, "दसैं, विजया दशमी, वडा दसैं पनि भनिन्छ। अनि तिहारलाई दिपावली, भाइटीका पनि भनिन्छ नि त्यस्तै ल्होसार र ल्होछार पनि भनिन्छ ।" ल्होसारकै कार्यक्रमअन्तर्गत सोमबार परम्परागत छेलो प्रतियोगिता गरिने तमु धिं नेपालका अध्यक्ष हुम तमुले जानकारी दिनुभयो । गुरुङकै अर्को संस्था तमु प्हे ल्हु सङ्घ नेपालले पनि सप्ताहव्यापी कार्यक्रम गरी यो वर्षको ल्होछार मनाएको संस्थाका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो । "हामीले पुस ९ गतेदेखि नै विभिन्न कार्यक्रम गरी ल्होसारलाई सप्ताहव्यापी बनाएका छौँ", महासचिव हर्क गुरुङले भन्नुभयो, "मुख्य दिन १५ गते युवा समितिका नृत्य प्रतियोगितासँगै केन्द्रीय समितिको शुभकामना आदानप्रदान कार्यक्रम पछि समापन गरियो ।" शनिबार राति नै बिरालो वर्गलाई बिदाई, गिद्ध वर्गको स्वागत गर्न राति १२ बजे 'बोन फायर' पनि गरिएको महासचिव हर्क गुरुङले जानकारी दिनुभयो । आइतबार बिहानैदेखि घ्याब्री, प्हच्यु र बोन लमहरूबाट पूजा गरी रिपा लगाउने कार्यक्रम पनि भएको थियो। पोखरा १० स्थित बौद्ध अर्घौं सदनले बिहानैदेखि ग्रहशान्ती दशाको पूजा गरिएको संस्थाका अध्यक्ष भुवनसिंह गुरुङले जानकारी दिनुभयो। "ग्रहशान्ति गर्ने काम शनिबारदेखि नै सुरु भएको थियो । ल्होछारको मुख्य दिन यसको विर्सजन गरियो", अध्यक्ष भुवनसिंहले भन्नुभयो, "अनि दर्शन गर्ने, दीप प्रज्ज्वन, रिपा लगाउने, शुभकामना आदानप्रदान, सांस्कृतिक कार्यक्रम, रक्तदान, स्वास्थ्य परीक्षण पनि गरियो ।"

## सडक महोत्सवले पोखराको ७० प्रतिशत होटल अकुपेन्सी




पोखरापत्र संवाददाता

पोखरा, १५ पुस

पोखरा क्षेत्रको होटल अकुपेन्सि हाल ७० प्रतिशत पुगेको छ। पोखरामा जारी सडक महोत्सवको अवसरमा पोखरा क्षेत्रका पर्यटकीय होटलहरुको हाल ७० प्रतिशत अकुपेन्सि पुगेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो ।

अगेंजी नयाँ बर्षको अवसरमा रेवान पोखराले आयोजना गरेको उक्त महोत्सवमा आएका पर्यटकको कारण दुई देखि तीन दिनमा होटलमा राम्रो व्यवसाय प्रबर्द्धन भएको उहाँले जनाउनु भयो । बिषेश गरी अग्रेंजी नयाँ बर्ष आगमन हुने हुँदा आज बेलुका अबेरसम्म करिब ८५ प्रतिशत होटल अकुपेन्सि हुन सक्ने अध्यक्ष सुवेदीले विश्वास व्यक्त गर्नुभयो । उक्त महोत्सवले गर्दा पोखरामा दुई देखि तीन दिन आन्तरिक पर्यटकको बृद्धिले होटल सहित अन्य व्यवसायीलाई केही हदसम्म राहत मिल्ने गरेको उहाँले जनाउनु भयो । त्यसै गरी पृथ्वी होटल व्यवसायी समितिले हाल आफ्ना होटलहरुको सेवालाई पर्यटकीय स्तरका रुमहरु बनाउदै आएको छ । समितिले हाल एकै रातमा करिब एक हजार पर्यटकहरुलाई पर्यटकीय स्तरका होटलको सेवा सुविधा दिन सक्ने होटलहरु आफुहरुसंग रहेको दाबी गरेको छ । समितिमा हाल २ हजार ४२ जनालाई एकै रातमा राख्न सक्ने भए पनि त्यसको ५० प्रतिशत पर्यटकीय स्तरकै होटलहरु आफुहरुसंग रहेको समितिका अध्यक्ष अम्बिका (अमृत) घिमिरेले बताउनु भयो ।

सडक महोत्सवको प्रभाव आफुहरुसम्म आउने गरेको बताउदै उनले हालसम्म होटल अकुपेन्सि करिब ६० प्रतिशत रहेको जनाउनु भयो । मेला तथा महोत्सवको अवसरमा यदि कसैले अस्वभाविक मुल्य लिएको खण्डमा उजुरी गरेमा आवश्यक कार्वाही गर्ने रेवान पोखराले जनाउदै आएको छ । पोखरामा एकै रातमा करिब ४० हजार पर्यटकहरुलाई होटल आवासमा व्यबस्थापन गर्न सकिने व्यवसायीले दाबी गरेका छन् । हाल पोखरा र पोखरा आसपासका क्षेत्रमा गरी एकै रातमा ४० हजार भन्दा बढी पर्यटकहरुलाई होटलमा राख्न सक्ने गरी ४० हजार वेड तयार भएको होटल संघ पोखरा नेपालका अध्यक्ष सुवेदीले दाबी गर्नु भएको छ । होटल क्षेत्रमा करिब ५ खर्ब भन्दा बढी लगानी भएको व्यवसायीको दाबी छ ।

पोखराको लेकसाइड देखि सेदीबगर, खपौदी, पामे, ड्यामसाइड, पृथ्वीचोक, न्यूरोड, छोरेपाटन, पार्दी, मुस्ताङचोक, नयाँबजार, पुम्दीकोट, सराङकोट, काहुँडाँडा, दोभिल्ला, लेखनाथ, बेगनासताल लगायतका क्षेत्रमा हालसम्म निर्माण भएका होटल तथा रिसोर्टहरुमा करिब २० हजार वटा रुम रहेको अध्यक्ष सुवेदीले दाबी गर्नु भयो । पोखरामा एक हजार देखि एक लाखसम्मको प्रति रातको एक रुमको मुल्य पर्ने गर्दछ । पोखरामा हाल पाँच तारे पोखरा ग्राण्ड रहेको छ भने पहिलाको फुलवारी रिसोर्ट अझै संचालनमा आउन सकेको छैन् । पोखरामा २, ३ र ४ तारे होटलहरु अझै बन्ने क्रममा रहेका छन् ।

## 'सबै जातजाति र धर्मको सम्मान गर्नुपर्छ'


पोखरापत्र संवाददाता

दमौली, १५ पुस

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सबै जातजाति र धर्मको सम्मान गर्नुपर्ने बताउनुभएको छ । तमु ल्होसारको अवसरमा तमु ह्युल छोज धिं तनहुँले आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले नेपाल बहुभाषिक, बहुजातीय मुलुक भएकाले सबैको उत्तिकै सम्मान हुनुपर्ने बताउनुभयो। एउटा धर्म र एउटा जातिले अर्को धर्म र जातिलाई सम्मान र आदर गर्नुपर्ने मन्त्री गुरुङको भनाइ थियो । उहाँले भन्नुभयो, "हामीले एउटा धर्म मान्दै गर्दा अर्को धर्मको अपमान गर्नुहुँदैन । अरु जातिलाई होच्याउन हुँदैन ।" मन्त्री गुरुङले विविधता नेपालको गहना र सम्पत्ति भएको उल्लेख गर्नुभयो । मन्त्री गुरुङले हरेक जातिले आफ्नो भाषाको परिस्कृत गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "नेपालको हरेक आन्दोलनमा गुरुङलगायत सबै जातजातिको महत्त्वपूर्ण भूमिका छ । सबै जातजातिबीच एकता हुनुपर्छ ।"

मन्त्री गुरुङले मिहिनेत नगर्ने तर नेपालको उच्च पदमा गुरुङको प्रतिनिधित्व भएन भनेर मात्रै गुनासो नगर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "मिहिनेत गरेमा गुरुङ पनि नेपालको राजनीति र कर्मचारीतन्त्रको उच्च ठाउँमा पुग्न सक्छन् ।" कार्यक्रममा गण्डकी प्रदेशका पूर्व सदस्य सरिता गुरुङले सबै जातजातिले समान हक अधिकार पाउने संविधानमा उल्लेख भएपनि कार्यान्वयन नभएको गुनासो गर्नुभयो । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले संस्कृति बचाउने अभियानमा गुरुङको सहयोग रहँदै आएको बताउनुभयो । नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँका अध्यक्ष सुजित हिराचनले गुरुङ समुदायले देशका लागि पुऱ्याएको योगदान उदाहरणीय रहेको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले गुरुङ जाति कला र संस्कृतिमा धनी रहेको चर्चा गर्नुभयो ।


हार्दिक बधाई



श्री धर्मराज आचार्य

हाम्रो यस आचार्य कुल पूजा समिति पोखरा–११, बस्यारीका अध्यक्ष **धर्मराज आचार्य**ज्यू सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा–१२, माटेपानीको १९औं बार्षिक साधारण सभा तथा ८औं अधिवेशनबाट अध्यक्ष पदमा सर्बसम्मत नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नन्दप्रसाद आचार्य
सचिव

माधवप्रसाद आचार्य
उपाध्यक्ष

आचार्य कुल पूजा समिति परिवार

पोखरा-११, बस्यारी



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१–५७०६५१

# लेखनाथ साहित्य पुरस्कार किञ्जललाई पत्रकारिता पुरस्कार दीपकलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

साहित्यकार गोपाल बैद्य किञ्जललाई वि सं २०८०यस वर्षको लेखनाथ साहित्य पुरस्कार प्रदान गरिएको छ । लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित लेखनाथ पत्रकारिता पुरस्कार यस वर्ष कान्तिपूर राष्ट्रिय दैनिकका उपसम्पादक दीपक परियारलालाई प्रदान गरिएको छ।

कविशिरोमणि लेखनाथ पौड्यालको १४० औं जन्मजयन्तीको अवसरमा त्रिदिवसीय जन्म जयन्ती मूल समारोह कार्यक्रम अन्तर्गत आइतवार विभिन्न संघ सस्थाको सहभागीतामा उनको जन्मस्थल पोखरा-२७ अर्चलेमा राखिएको मूल समारोहमा साहित्यकार गोपाल बैद्य किञ्जललाई बृद्धाबस्थाका कारण घरमै पुरस्कार अर्पण गरिएको जानकारी गराइएको थियो । कविशिरोमणि लेखनाथ पौड्यालको कान्छी छोरी कुन्तिदेवी भट्टराईका परिवाजनद्वारा स्थापित तथा लेखनाथ साहित्य प्रतिष्ठानद्वारा सञ्चालित लेखनाथ साहित्य पुरस्कार पुरस्कारको राशी



नगद ५० हजार रुपैयाँ रहेको छ।

यसै गरी लेखनाथ पत्रकार मञ्चद्वारा स्थापित ११ हजार १११ रुपैयाँ नगद र सम्मानपत्र रहेको लेखनाथ पत्रकारिता पुरस्कार समाचार सम्प्रेषणका माध्यमबाट समग्र लेखनाथ क्षेत्रको उन्नयनमा योगदान गरेकामा कान्तिपूर राष्ट्रिय दैनिकका उपसम्पादक दीपक परियारलालाई पुरस्कार अर्पण गरिएको थियो । २०६४देखि पत्रकारितामा निरन्तर सक्रिय उनले लेखनाथका विकास निर्माण, यहाँका साहित्यिक पर्यटनका विविध पक्षका साथै तालैतालको सहरका रुपमा लेखनाथ क्षेत्रलाई चिनाउँदै लेखनाथ क्षेत्रका समाचार प्राथमिकताका साथ सम्प्रेषण गर्दै आएका छन्। लेखनाथ पत्रकारिता पुरस्कारबाट मेघराज आचार्य, रामप्रसाद तिमिल्सेना, बशन्त अधिकारी, वासुदेव पौडेल र परशुराम शर्मा, भीमपाणि बराल र सरिता तिमिल्सेना सम्मानित भईसकेका छन् । कार्यक्रमका अवसरमा कविशिरोमणिकी कान्छी छोरीका नाममा स्थापित कुन्तिदेवी पुरस्कार भागीरथी श्रेष्ठलाई प्रदान गरिएको छ थियो । लेखनाथ प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालद्वारा आफ्ना बाबाका नाममा स्थापित पुरस्कार, मधुमाया ढकाल शिक्षा पुरस्कार, ढकालकी बहिनी अम्विका ढकालद्वारा आमाका नाममा स्थापित परस्कार फणिन्द्र कुमारी ढकाल शिक्षा पुरस्कार, कविशिरोमणिको १४० औं जन्मजयन्तीको अवसरमा कविता प्रतियोगिताका विजयीहरुलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रमका अवसरमापोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले कविशिरोमणि लेखनाथ पौड्यालको साहित्यिक योगदानको चर्चा गरेका थिए।

पुरस्कृत सबैलाई बधाई ज्ञापन गर्दै साहित्यमा लाग्न थप प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा पश्चिम पृतनाका पृतनापति सन्तोषबल्लभ पौडेल, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष कविराज खनाल, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ, लेखनाथ पत्रकार मञ्चका सचिव विष्णुहरि पौडेल, लायन्स क्लब अफ लेखनाथका अध्यक्ष कृष्ण तिमिल्सेना, सचिव तुलसी सापकोटालगायतले सम्बोधन गरेका थिए। लेखनाथ जन्मस्थल विकास समितिका कार्यबाहक अध्यक्ष गोपीराज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा २७ का वडाध्यक्ष पुर्ण कुमार गुरुङले स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन लेखनाथ साहित्य प्रतिष्ठानका सचिव कृष्णप्रसाद पौडेलले गरेका थिए।

# पर्यटन बोर्डद्वारा पोखरा पर्यटन परिषद र माउण्ट कैलाश रिसोर्टलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

नेपालको पर्यटन क्षेत्रमा उल्लेखनिय योगदान पुराएको भन्दै नेपाल पर्यटन वोर्डले पोखराको पर्यटन व्यवसायीहरुको छाता संस्था पोखरा पर्यटन परिषदलाई र माउण्ट कैलाश रिसोर्टलाई सम्मान गरेको छ।

वोर्डको २५ औं वार्षिक साधारण सभाको अवसरमा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ र रिसोर्टका संचालक नरेश भट्टराईलाई काठमाण्डौंमा सम्मान गर्नु भएको हो। पोखरा सहित समग्र नेपालको पर्यटन क्षेत्रको प्रबर्द्धनमा सहयोग, सहकार्य र साझेदारी गरेको भन्दै परिषद सम्मान गरेको हो । उक्त सम्मानले आफुहरुलाई थप हौसला मिलेको परिषदका अध्यक्ष श्रेष्ठले बताउनु भयो । पर्यटन बोर्डले परिषदलाई गरेको सम्मान समग्र पोखरालाई सम्मान गरेको उनले बताउनु भयो।

रिसोर्टका संचालक भट्टराइले पोखरा क्षेत्रलाई प्रतिनिधित्व गर्दै परिषद र आफ्नो रिसोर्टलाई स्तरिय सेवा दिएको भन्दै सम्मान गर्नुले आफुहरुलाई यस पेशामा लाग्न थप हौसला मिलेको बताउनु भयो।


मन्त्री किराँतीले कार्यक्रममा बोल्दै हवाई सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर यात्रुमैत्री वातावरण बनाइ देशको उच्च छवि कायम गर्न आग्रह गर्नुभयो। उहाँले अब नेपालको पर्यटन क्षेत्र विस्तारै लयमा फर्किन लागेको दाबी गर्नु भयो।

# सामुदायिक प्रहरी सेवा माटेपानीको अध्यक्षमा आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

सामुदाधिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानीको १९ औ वार्षिक साधारण सभा तथा आठौं अधिवेशनले धर्मराज आचार्यलाई अध्यक्षमा निर्वाचित गरेको छ।

शनिवार भएको अधिवेशनवाट उपाध्यक्षमा शिवप्रसाद बराल, सचिवमा बाबुराम सापकोटा, कोषाध्यक्षमा बसन्तराज कोईराला र सह सचिवमा किरण अधिकारी चयन भएका छन् ।



त्यसैगरी सदस्यहरुमा क्रमश संकल्प बसेल, कोपिला श्रीष, सीता रेग्मी बाँस्तोला, पदम कार्की, रमेशराज पौडेल, विनोद बराल, सीता शर्मा, सम्झना बाँस्तोला, दीपा थापा र रामचन्द्र बास्तोला रहेका छन् । साधारण सभाको उद्घाटन गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक बुद्धिराज गुरुङले गर्नु भएको थियो । सामुदाधिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा माटेपानीकी अध्यक्ष मीरादेवी आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक सेवा केन्द्र समन्वय समिति कास्कीका अध्यक्ष भीम पराजुली, वडा १४ का वडा अध्यक्ष बोधबहादुर कार्की, वडा १२ का वडा अध्यक्ष सन्तोष बाँस्तोला, वडा ११ का वडा अध्यक्ष प्रमेपप्रसाद कर्माचार्य, संस्थाका पूर्व अध्यक्ष तथा सल्लाहकार दया बराल, निवर्तमान अध्यक्ष बलबहादुर कार्की, लेखनाथ सामुदायिक सेवा केन्द्रका अध्यक्ष कृष्ण अधिकारी लगायत वोलेको कार्यक्रममा संस्थाकी उपाध्यक्ष इन्दिरा पन्तले स्वागत र संचालन सचिव नेत्रबहादुर तिमिल्सिनाले गर्नु भएको थियो।

# २० औं माछापुच्छ्रे पोखरा ओपन टेनिसमा संरक्षक र सुनिरा च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

२० औं माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिसले मेन्स र उमेन्स सिंगल्सतर्फ नयाँ च्याम्पियन पाएको छ।

कास्की जिल्ला टेनिस संघको आयोजना तथा माछापुच्छ्रे बैंकको मुख्य प्रायोजनमा आइतबार सम्पन्न प्रतियोगितामा मेन्स सिंगल्स ओपनतर्फ संरक्षक भुषण बज्रचार्य र उमेन्सतर्फ सुनिरा थापा च्याम्पियन भएका हुन् । सोही प्रतियोगिताको १८ औं र १९ संस्करणका च्याम्पियन समेत रहेका नेपालका नं १ र्‍याकिङ प्रदिप खड्काको दबदवालाई आफ्नै होम ग्राउण्डमा टाइ ब्रेक म्याचमा २-१ ले हराउँदै संरक्षकले तेस्रो पटक च्याम्पियन बन्ने प्रदिपको सपनामा ब्रेक लगाए।

पोखरा रंगशालाको टेनिस कम्लेक्समा सम्पन्न फाइनलमा प्रदिप विरुद्ध पहिलो सेट ६-४ ले जित हात पारेका पूर्व नेपाल नं १ संरक्षकले दोश्रो सेटमा भने २-६ ले प्रदिपलाई सुम्पिए तर तेश्रो तथा अन्तिम सेटमा ७-६, (७-५) ले संघर्षपूर्ण जित निकाल्दै नगद रु ८० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारे । उपविजेता बनेका प्रदिपले नगद



रु ४० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाण पत्र प्राप्त गर्दा सोही इभेन्टमा सेमीफाइनालिष्ट द्वय ऋतिक राना र अभिनन्सु ठाकुरले जनही नगद रु ५-५ हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारे।

त्यस्तै उमेन्सतर्फ समेत गत संस्करणकी समेत च्याम्पियन नेपाल १ र्‍याकिङ अभिलाषा विष्टलाई सुनिरा थापाले टाइब्रेकमा नै पराजित गरीन् । सनसनीपूर्ण फाइनलमा सुनिराले पहिलो सेट ६-० ले अभिलाषालाई सुम्पिए पनि दोश्रो सेट सम्हालिएर खेल्दै ६-१ ले आफ्नो पक्षमा पार्दै खेलमा फर्किइन । अन्तिम सेट ६-४ ले जिते पछि अभिलाषाको दोश्रो पटक च्याम्पियन हुने सपनामा ब्रेक लाग्यो। च्याम्पियन बनेकी सुनिराले नगद ८० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाण पत्र प्राप्त गर्दा सोही इभेन्टमा सेमीफाइनालिष्ट द्वय माहिका राना र रायना शाहले जनही नगद रु रु ५-५ हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पारे। यस्तै प्रतियोगितामा अन्तर्गत नै भएको ३५ वर्ष माथीको भेट्रान्स मेन्स सिंगल्सतर्फ कमल भण्डारी विजेता बनेका छन् । उनले फाइनलमा सन्तोष खत्रीलाई ७-५ र ६-४ ले पराजित गरे । उपाधि विजेता कमलले नगद रु बिजेताले नगद रु ६० हजार, उपविजेता सन्तोषले नगद रु ३० हजार सहित ट्रफी तथा मेडल प्राप्त गरेका छन् । ४५ वर्ष माथीको भेट्रान्स मेन्स सिंगल्सतफको रोहित सुनुवारले फाइनलमा महेश श्रेष्ठलाई सुपरटाई म्याचमा हराउँदै उपाधि जिते । पहिलो सेट ५-७ ले गुमाएका रोहितले दोश्रो सेट सहज रुपले ६-१ ले जित्दै खेल बराबरीमा ल्याउँदै सुपरटाईतर्फ खेल धेकिलिंदा रोहितले १०-७ ले खेल जित्न सफल भए। सोही प्रतियोगितामा सेमीफाइनालिष्ट द्वय प्रदिप शाह र गोपी भट्टराई रहेका छन्। उपाधि जितेका रोहितले नगद रु ४० हजार, उपविजेता महेशले नगद रु २० हजार र सेमीफाइनालिष्ट द्वय प्रदिप र गोपीले जनही नगद रु ५-५ हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरे।

२० औं माछापुच्छ्रे पोखरा ओपन टेनिस अन्तर्गत नै भएको ५५ वर्ष माथी मेन्स सिंगल्सको उपाधि विजेता बन्न सफल बिमल कुमार गुरुङले फाइनलमा प्रतिद्वन्दी जिवन घिमिरेलाई ६-२, ६-२ को सोझो सेटमा पराजित गरे। उपाधि विजेताले बिमलले नगद रु ३० हजार, उपविजेता जिवनले नगद रु १५ हजार, सेमीफाइनालिष्ट खेलाडी द्वय समिर शेरचन र थोङवाम तुलेश्वरले जनही नगद ५-५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र हात पारे । प्रतियोगितामा बिजेता खेलाडीहरुलाई प्रतियोगिता मुख्य प्रायोजक संस्था माछापुच्छ्रे बैंककी निर्देशक बन्दना केसी, केसी ग्रुपका प्रवन्ध निर्देशक किरण केसी, नेपाल टेनिस संघकी अध्यक्ष ज्योती राणा, कास्की खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँ, ट्र्याङ्क्वालिटी स्पाका प्रवन्ध निर्देशक रनिल फैजुलगायतले नगद, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङको अध्यक्षतामा भएको समापन कार्यक्रममा प्रतियोगिताका संयोजक एवं संघका उपाध्यक्ष नविन चालिसे, सचिव नविन श्रेष्ठले समेत आफ्ना भनाई राखेका थिए। सोही कार्यक्रममा १९ औं एसियाडमा सहभागि नेपाली खेलाडीहरुलाई सहभागिताको प्रमाणपत्र समेत वितरण गरिएको थियो। यहि पौष १० गते देखि सुरु भएको प्रतियोगितामा महिलातर्फ १३ र पुरुषतर्फ २०३ जना गरी कुल २ सय १६ जना खेलाडीहरुको सहभागिता रहेको टुर्नामेन्ट डाइरेक्टर राजन पौडेलले जानकारी दिए । "२० औं माछापुच्छे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता २०८० " सम्पन्न गर्न करिव १९ लाख खर्च र २१ लाख आम्दानी हुने लक्ष्य रहेको कास्की टेनिस संघका कोषाध्यक्ष अनुज बास्तोलाले बताए।


**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

◆ प्लाष्टिक चार सय वर्षसम्म कुहिदैन।
◆ यसले जमिन तथा जल प्रदुर्षण गर्दछ।
◆ प्लाष्टिकका भाँडा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ।
◆ प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
◆ खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ।

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रायोग गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सुनपानी छर्कन छानबीन समिति

देशमा रोजगारी नपाएपछि विदेशमा रोजगारीमा जान परीक्षामा भाग लिन पाउँ भन्ने युवालाई सरकारले गोली दिएको छादेशमा गणतन्त्र आए पनि शासकको रवैयामा फरक आउन सकेको छैन । जनताका छोराछोरीको जीवन लीला चरा ढाले भ्रैं गरेका छन । ललितपुरको बालकुमारीमा पुस १३ गते प्रहरी दमनबाट ज्यान गुमाएका सुजन राउत र वीरेन्द्र शाहको जम्माजम्मी एउटै माग थियो- कोरिया भाषा परीक्षाको फारम भर्न पाउनु पर्ने। उनीहरूका माग संविधान, प्रचलित कानून र अदालतको आदेश विपरीत छँदै थिएन ।

उच्च अदालत, पाटनले कोरिया भाषा परीक्षाको सन्दर्भमा पुस ५ गते गरेको आदेशलाई कार्यपालिकाले अपव्याख्या गरेर फारम भर्न नदिँदा झडपको स्थित आएको हो। प्रहरीको प्रहारबाट चौरपाटी-१, अछामका शाह र महाबु-६, दैलेखका राउतको ज्यान गएको छ। गत साउन १९ गते ईपीएस कार्यालयले प्रकाशित गरेको सूचनाको बुँदा नं. ५ मा 'सन् २०२३ भित्र ईपीएस-टीओपीआईके परीक्षाको लागि आवेदन नदिएको हुनुपर्ने' उल्लेख छ । यो प्रावधान खारेजीको माग राखेर सुरज पाठक सहित १८ जनाले उच्च अदालत, पाटनमा रिट दर्ता गरेका थिए । त्यही रिटमा सुनुवाइ गर्दै उच्च अदालतका न्यायाधीशद्वय राज्यलक्ष्मी बज्राचार्य र रमेशराज पोखरेलको संयुक्त इजलासले 'आवेदन फारम भर्न रोक नलगाउनु र निवेदकहरूलाई आवेदन फारम भर्न दिनु' भन्ने आदेश दिएको थियो । तर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ईपीएस कार्यालयले उच्च अदालतमा निवेदन दिएका १८ जना बाहेकलाई फारम भर्न दिएन । जसले गर्दा ३० हजारभन्दा बढी युवा फारम भर्न बञ्चित भए। दुई जनाको ज्यान जाने गरी भएको घट्नाको प्रमुख जड नै त्यही व्याख्या थियो ।

संविधानको धारा १८ मा 'सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्ति गरिनेछैन' भनिएको छ। नागरिकबीच भेदभाव गर्नु दण्डनीय अपराध हो । कोरिया भाषा परीक्षाको सन्दर्भमा कार्यपालिकाले अदालतको आदेश समेत वेवास्ता गरेर भेदभाव गरेको देखिन्छ। प्रधानमन्त्री पुष्प कमल दाहाल अदालतलाई पनि शंकाको घेरामा राखेर सरकार पानी माथिको ओभानो बन्न खोज्दैछन । उच्च अदालत, पाटनको अर्को आदेशले पनि ईपीएस कार्यालयको व्याख्या सरासर गलत थियो भन्ने देखिन्छ। तर्कबहादुर पल सहितले दिएको रिटमा सुनुवाइ गर्दै पुस १३ गते उच्च अदालतले निवेदन नदिए पनि समान प्रकृतिका सबैलाई फारम भर्न दिन आदेश दिएको छ। आदेशमा भनिएको छ, 'निवेदकहरूलाई पर्न सक्ने अपुरणीय क्षति तथा सुविधा सन्तुलनको दृष्टिकोणबाट यी निवेदहरूलाई आवेदन फारम भर्नबाट बञ्चित गर्न मनासिब नहुँदा निवेदकहरू लगायत निवेदक सरहका समान प्रकृतिका इच्छुक व्यक्तिहरूलाई उल्लेखित मिति २०६०/८/१९ को सूचना बमोजिम मिति २०८०/९/२ बाट खुल्ला गरिएको आवेदन फारम भर्न रोक नलगाउनु र परिक्षा आवेदन फाराम भर्न दिनु दिलाउनु भनि विपक्षीहरूको नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।

देशमा पटक–पटक शासन ब्यवस्था बदलिँदा पनि जनताको अवस्था र शासकको रवैया उस्तै हुनु बिडम्वना नै हो। यो बालकुमारी घटनामा प्रतिबिम्बित भएको छ। रोजगारीका लागि विदेश जान पाउँ भनेर आन्दोलन गर्दा ज्यानको बलिदानी दिनुपर्ने शासन व्यवस्थालाई कसरी केलाउने ? संसारकै उन्नत भनिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र यसका शासकलाई यो घटनाले गिज्याएको छ। राज्यका प्रशासकहरूले गम्भीरताका साथ सोच्नुपर्ने बेला आएको छ कि आमनागरिक र विषेशगरी युवामा किन यस्तो नैराश्यता बढ्दैछ ? के सरकारको नेतृत्व गर्नेहरूलाई यति पनि थाहा थिएन र, राज्यको बन्दुक कुनै खेलौना होइन भनेर ? गोली चलिसकेपछि वा नागरिकले ज्यानै गुमाएपछि त्यसप्रति संवेदनशील हुनु एउटा कुरो तर खासमा गोली चलाउनुअघि नै यति संवेदनशील हुनुपर्थ्यो । मरेपछि दस लाख दिने, छानबीन समिति बनाउने र दराजमा थन्काउने रिपोर्टको कुनै अर्थ छैन ।

मन्त्रीलाई नैतिक जिम्मेवारी लिन नपर्ने गरि सुनपानी छर्कन बनाइएका समिति हो । शासकले बाँडीचुडी खाएकोले गर्दा बढेको विकृति, कुशासन, अनियमितता र भ्रष्टाचारको रुप हो । राज्यले अवलम्बन गरेको खुल्ला अर्थतन्त्रमा ठूला उद्योग र कलकारखाना धमाधम खुल्नु पर्ने हो। आर्थिक समृद्धिसँगै रोजगारीको पर्याप्त अवसर सिर्जना हुनुपर्ने थियो। तर ठिक उल्टो भएको छ। उनीहरूलाई सत्तामोहबाहेक आमनागरिकको दैनिक जीवनमा परिवर्तनमा कुनै चासै देखिएन। सबै पक्ष हरसमय संवेदनशील नहुने हो भने देश झनै कमजोर हुनेछ अनि यस्ता घटना दोहोरिरहने छन् ।

# चन्द्रसूर्य टोल विकास संस्थाको अध्यक्षमा–लालु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस



पोखरा महानगरपालिका वडा नं. १७ स्थित चन्द्र सूर्य टोल विकास संस्थाको चौथो साधारण सभा एवम् तेश्रो अधिवेशनले लालुप्रसाद उपाध्याय(पौडेल) को अध्यक्षतामा ११ सदस्यी नयाँ कार्य समिति सर्वसम्वत चयन गरेको छ । समितिको उपाध्यक्ष कमलप्रसाद आचार्य, सचिव प्रेम रेग्मी, कोषाध्यक्ष आशा भण्डारी, सह-कोषाध्यक्षमा कालिप्रसाद देवकोटा र सदस्यहरुमा गायत्री अर्याल, पार्वती ढुङ्गाना,बलराम सापकोटा,संगीता प्रधान र सरास्वती न्यौपाने चयन हुनु भएको हो । पोखरा महानगरपालिका वडा नं. १७ का वडासदस्य विक्रम गुरुङले अधिवेशनको उद्घाटन गर्दै वडाको दक्षिण मागमा रहेको यस वस्तिमा खानेपानी, सडक र ढल निकासलाई प्राथमिकता दिँदै आएको जानकारी दिनुभयो ।

स्थानीय वासिन्दाको सकृयता सहभागितामा हुने विकास निर्माण तोकिएको समयमा सम्पन्न हुँनुको साथै गुणस्तरीय हुने विश्वास व्यक्त गर्दै उहाँले वस्ति विकासको क्रममा रहेको यस वडामा ५६ वटा टोल विकास संस्था कृयाशिल रहेको बताउनुभयो । सञ्चारकर्मी हरि बास्तोलाले पोखराको अधिकांश वडाको ढल निकासको रुपमा रहेको यस वडाको सरसफाई लगायत समग्र विकास निर्माणमा महानगको बिशेष ध्यान पुग्नु पर्ने आवश्यकता औल्याउनुभयो । कार्यक्रममा उक्त टोल विकास संस्थाका जेष्ठनागरिक ९२ बर्षिय सुनकुमारी बोहोरालाई दोसल्ला र सम्मानपत्रद्धारा सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष रामप्रसाद सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा रामेश्वरमार्ग टोल सुधार समितिका अध्यक्ष लिलाप्रसाद पगेनी,सल्लाहकार ऋषिराम भण्डारी र धर्मराज पौडेल, विरुवा टोलविकास संस्थाका अध्यक्ष सालिग्राम भण्डारी, प्रेमकुमार रेग्मी, विकासशिल महिला समुहका शोभा ढुङ्गाना र कोषाध्यक्ष प्रेमकुमार रेग्मी लगायतले विकास निर्माणमा टोल विकास संस्थाले खेल्दै आएको भूमिकाबारे चर्चा गर्नुभएको थियो ।

# मर्दी पदयात्रामा गएका विदेशी पर्यटक बेपत्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा अवस्थित मर्दी हिमाल पदमार्गमा गएका एक विदेशी पर्यटक सम्पर्कविहीन भएका छन् । पदयात्राका क्रममा स्विडेनका नागरिक २० वर्षीय मिचल लिउ ब्लोम्बर्ग शनिबार बिहानदेखि सम्पर्कविहीन भएपछि खोजी सुरु गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

पदमार्गको हाई क्याम्पबाट मर्दी आधार शिविरतर्फ जान शनिबार बिहान ४ बजे होटलबाट उठेर गएका मिचल त्यसपछि नफर्किएको जानकारी आएपछि खोजी सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो ।

मिचल एक्लै पदयात्रामा जानुभएको थियो । पदमार्गको लो क्याम्पमा माछापुच्छ्रे गाउँपालिकाले स्थापना गरेको पर्यटक सूचना केन्द्रमा गत शुक्रबार उहाँले आफ्नो नाम दर्ता गर्नुभएको थियो । बेपत्ता पर्यटकको खोजीका लागि पोखराबाट प्रहरी टोली त्यसतर्फ शनिबार साँझ नै प्रस्थान गरेपछि अझै पुग्न नसकेको प्रहरीले जनाएको छ ।

"पर्यटक सम्पर्कविहीन भएको सूचना पाएपछि हामीले शनिबार साँझ नै वडा प्रहरी कार्यालय बगरबाट प्रहरीलाई त्यसतर्फ पठाएका छौँ," प्रनाउ विकले भन्नुभयो, "प्रहरी टोली अझै सो ठाउँमा पुगिसकेको छैन, टोली पुगेपछि खोजीमा लाग्नेछ।" माछापुच्छ्रे गाउँपालिका-८ का वडाध्यक्ष राम गुरुङले स्थानीय पर्यटन व्यवसायी तथा गाउँपालिकाबाट समेत बेपत्ता भएका पर्यटकको खोजी तथा उद्धारको काम भइरहेको जानकारी दिनुभयो ।

"स्थानीय पर्यटन व्यवसायी तथा गाउँपालिकाबाट आज बिहानदेखि नै खोजी सुरु गरे पनि साँझसम्म केही जानकारी प्राप्त हुन सकेको छैन," गुरुङले भन्नुभयो । स्थानीय पर्यटन व्यवसायीका अनुसार बेपत्ता पर्यटक मर्दीको भ्युपोइन्ट पार गरेर बेसक्याम्पतर्फ गएको जानकारी प्राप्त भएको छ । मर्दीको हाई क्याम्पबाट आधार शिविर पुग्न चार घण्टा पैदल हिँड्नुपर्दछ । मर्दी हिमाल पदयात्रा पछिल्ला केही वर्षदेखि कहलिएको पदयात्रामा पर्दछ । माछापुच्छ्रे गाउँपालिकाको सिदिङ, धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाले अष्ट्रेलियन क्याम्पबाट मर्दी पदयात्रा सुरु गर्न सकिन्छ ।

# रेडक्रस र लायन्स क्लबको आँखा परीक्षण शुभारम्भ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ पुस



हिमालय आँखा अस्पताल घारिपाटनको सहयोगमा नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखा र लायन्स क्लब अफ पोखरा भैरवको संयुक्त आयोजनामा आयोजित विद्यालय स्तरिय निशुल्क आँखा चेकअप शिविर पोखरा महानगर पालिका वडा नं १० का वडा अध्यक्ष राजेश गुरुङ (राजु सर) को प्रमुख अतित्थ्यतामा हेनरी ड्यूनाको तस्विरमा माल्यार्पण गरि कार्यक्रमको उद्घाटन गर्नुभयो ।

रेडक्रस र लायन्स जस्ता मानबिय सेवामा लागी पर्ने क्लबहरूको आयोजनामा कालिका माबिमा रहेका सबै विद्यार्थीहरूको मानब अंग आँखा जस्तो सम्बेदनशिल अंग आँखा परिक्षण शिविरले विद्यार्थीहरूको भविष्यमा हुनसक्ने समस्या समाधान हुने बिश्वास ब्यक्त गर्नु भयो । आखा चेकअप शिविरमा हिमालय आँखा अस्पतालका प्राविधिक नेत्र सहायक गोविन्द ढकाल, दृष्टि बिशेषज्ञहरूमा निरज अधिकारी, प्रिन्शा बास्तोला, महिमा थापा र मन्जू चौधरी लगायतका प्रबिधिक टोलीले सबै विद्यार्थीहरू लाई अस्पतालको बिशेष उपकरण द्वारा परिक्षण गरि आँखा सम्बन्धि समस्या देखा परेमा निशुल्क उपचार गराउने बताउनु भएको कार्यक्रममा कालिका माबि का सहायक प्रधानाध्यापक बाशुदेब अधिकारी, लायन्स क्लब अफ पोखरा भैरवका प्रथम उपाध्यक्ष ला. सुकदेब गौतम लगायतका बक्ता हरूले आ-आफ्नो बिचार राख्नुभएको थियो ।

कार्यक्रममा उपशाखा १० का उप सभापती जीवन श्रेष्ठले रेडक्रस का सात सिद्धान्त बाचन, स्वास्थ्य शिविर संयोजक नरहरि पनेरूले स्वागत गरेको कार्यक्रम उपशाखाका किरण भट्टचन, निर्मला श्रेष्ठ, लायन्स क्लब अफ पोखरा भैरव का ला. बुद्ध बहादुर उदास, ला. रमेश बालाजु, स्पाउस ला. शुष्मा बालाजु, कालीका माबिका जुनियर रेडक्रस सर्कलका पदाधिकारी हरूले भोलिन्टिएर गरि शुभारम्भ शिविर नर्सरी कक्षा देखि १२ सम्म २५ सय बालबालिका पठन पाठन गर्ने उक्त शिविर को पहिलो दिन नर्सरी कक्षा देखी ६ कक्षा सम्मका ५८९ जना विद्यार्थीलाई आखा परिक्षण गर्दा ३० जना विद्यार्थीलाई थप परिक्षणका लागी आखा अस्पताल रिफर गरिएको उपशाखाका भबन संरक्षण उपसमितिका संयोजक बिन प्रसाद गुरुङले जानकारी दिनुभयो। नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापती एंव विद्यालय स्तरिय निशुल्क आखा चेकअप शिविर कार्यक्रमका सभापति सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा वडा नं १० भित्र रहेका कालीका मा बि र कुडहर आधारभूत विद्यालय समेत करिब ४ हजार विद्यार्थीलाई चेकअप गराउने लक्ष राखिएको बताउनु भएको कार्यक्रममा उपशाखाका सचिव सूर्य बहादुर बानियाले कार्यक्रम संचालन गर्नुभएको थियो ।

# स्याङ्जामा धानको उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
वालिङ, १५ पुस

गत वर्षको तुलनामा यस वर्ष स्याङ्जामा धानको उत्पादनमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० भन्दा चालु आर्थिक वर्षमा नौ सय तीन मेट्रिकटन धानको उत्पादनमा वृद्धि भएको हो ।

गत आवमा कूल १६ हजार तीन सय सात हेक्टर क्षेत्रफलमा धानखेती गरिएकामा ६२ हजार छ सय ९३ दशमलव ३४ मेट्रिकटन धान उत्पादन भएको थियो। चालु आवमा सोही क्षेत्रफलमा धानखेती गर्दा ६३ हजार पाँच सय ९७ दशमलव तीन मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताउनुभयो ।

खाद्यान्न बालीको क्षेत्रफल र उत्पादकत्वमा फरक नदेखिए तापनि धानको उत्पादकत्वमा भने वृद्धि भएको उहाँले बताउनुभयो । स्याङ्जामा चालु आवमा पाँच हजार पाँच सय ६५ हेक्टर क्षेत्रफलमा गहुँखेती गरिएकामा १० हजार १७ मेट्रिकटन गहुँ उत्पादन भएको हो। गत आवमा पनि सोही क्षेत्रफलमा गहुँखेती गरिएको थियो । चालु आवमा २६ हजार पाँच सय हेक्टर क्षेत्रफलमा कूल ८४ हजार आठ मेट्रिकटन मकै उत्पादन भएको उहाँले बताउनुभयो। कोदो पनि चालु आवमा १४ हजार सात सय ६६ दशमलव तीन हेक्टर क्षेत्रफलमा खेती गरिएकामा उत्पादकत्व १६ हजार दुई सय ४२ दशमलव ९३ मेट्रिकटन रहेको छ ।

"तुलनात्मकरुपमा हेर्दा गत वर्ष र यस वर्ष एउटै क्षेत्रफलमा खेती गर्दा गत वर्षभन्दा यस वर्ष धानको उत्पादकत्व वृद्धि भएको छ", उहाँले भन्नुभयो, "धानको उत्पादकत्व वृद्धि भयो, तर अन्य खाद्यान्न बालीहरुको क्षेत्रफल र उत्पादकत्वमा फरक देखिएन ।" धानका लागि उपयुक्त हावापानी, कृषिमा आधुनिकीकरण, उन्नत जातका धानको प्रयोगले गर्दा धानको उत्पादकत्व वृद्धि भएको उहाँले बताउनुभयो । स्याङ्जाका विशेष गरी आँधीखोला किनार, ज्याग्दीखोला किनार, दरौँखोला, कालीगण्डकी नदी किनारका फाँट धानखेतीका लागि पकेट क्षेत्र हुन् ।

गत वर्ष स्याङ्जामा एक हजार सात सय ९९ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिएकामा १८ हजार २१ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । यस वर्ष सुन्तलाको तथ्याङ्क सङ्कलन कार्य जारी रहेको उहाँले बताउनुभयो । जिल्लामा ठूलो परिमाणमा आलु, अदुवा, तेलहन बाली, गोलभैँडा, तोरी, काउली, बन्दा, मुला, साग, सिमीलगायत बाली उत्पादन हुने गरेका छन् ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बड्ने |
| सिंह | : मानसिक तनाब | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शारीरिक झमेला | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. २१ धुरपुरे घरवस्ती रियालेखोला संरक्षणको निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : धुरपुरे घरवस्ती रियाले खोला संरक्षण
**उपभोक्ता समिति**: धुरपुरे घरवस्ती तथा रियाले खोला संरक्षण उपभोक्ता समिति, पोखरा-२१, कास्की
**योजना सम्झौता मिति**: २०८०/०८/२२ गते
**योजना सुरू मिति** : २०८०/०८/२४ गते
**योजना सम्पन्न मिति** : २०८०/११/३० गते
**महानगरपालिकाबाट** : रु. ७,००,०००/-
**जम्मा लागत** : रु. ७,००,०००/-

**उपभोक्ता समिति**

**अध्यक्ष** : झपिन्द्रराज रेग्मी
**उपाध्यक्ष**: रामचन्द्र पहारी
**सचिव**: प्रमिला सुवेदी
**कोषाध्यक्ष**: अन्जना रेग्मी
**सदस्यहरू**: अनिता कुमाल, प्रकाशचन्द्र पौडेल र लक्ष्मी रेग्मी
**अनुगमन समिति** : **संयोजक**: भागिरथ पौडेल
**सदस्यहरू** : गिता कुमारी रेग्मी र गुरुप्रसाद सुवेदी

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८०/०९/१६**

नेपाल एसबिआई बैंकको पोखरा शाखा कार्यालय, न्युरोड अन्तर्गत प्रयोगमा नरहेको केही उपकरण लगायतका सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। लिलाम बिक्रीमा रहेका उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति, संघ संस्था वा फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयभित्रै (सो दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको शाखा कार्यालय, पोखरामा सम्पर्क गरी गोप्य शिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ। लिलाम बिक्री गरिने सम्पत्ति हेर्न तथा बिस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको शाखा कार्यालय, पोखरा कार्यालय समयभित्र शाखा प्रबन्धकलाई सम्पर्क राख्न सक्नुहुनेछ। प्राप्त प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने वा परेका प्रस्ताव उपर पुनः नेगोशिएसन गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ। प्राप्त बोलपत्र मिति २०८०/०९/२२ मा ३:०० बजे बैंकको शाखा कार्यालय, पोखरामा बोलपत्र दाता र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा बोलपत्रहरु खोलिनेछ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**शाखा कार्यालय, पोखरा**
**सम्पर्क**: ०६१-५५३८७५/७६

# लेखनाथ महोत्सवमा कवि लेखनाथको सम्झना

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

"महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन विकास र सम्मृद्धि" भन्ने मुल नाराका साथ पुष ५ गतेबाट लेखनाथमा शुरु भएको १९औं संस्करणको लेखनाथ महोत्सवमा आइतबार कवि लेखनाथको समझनामा विशेष कार्यक्रमको आयोजना गरियो ।

कवि लेखनाथ पौड्यालको १४०औं जन्मजयन्तीको अवसरमा महोत्सवस्थलमा निर्माण गरिएको थ्रि डि आर्ट सहितको जन्मघरमा कविको प्रतिमामा माल्यार्पण सहित उनका रचनाहरुको विषयमा चर्चा परिचर्चा गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष एव महोत्सवका मुल संयोजक विनोद श्रेष्ठले कविका कृति र रचनाहरुका कारण उहाँ हामिमाझ अजर र अमर रहिरहनुभएको बताउँदै सबैले आफ्नो जिवनमा असल एवं भावि पुस्ताले सम्झन लायक कर्म गर्नुपर्ने बताएका थिए ।

अध्यक्ष श्रेष्ठले कवि शिरोमणिको योगदानलाई जीवन्त राख्ने गरी महोत्सवस्थलमा उहाँको जन्मघर हेर्ने व्यवस्था मिलाइएको बताउँदै यसको परिकल्पनाकार



व्यवसायी विश्वगोपाल श्रेष्ठप्रति धन्यवाद समेत व्यक्त गरेका थिए । कार्यक्रममा कवि लेखनाथका रचनाहरु वाचन गर्दै सघका पुर्वअध्यक्ष चतुराखर अधिकारीले कविका रचनाहरु प्रकृति र मानवतावादी रहेको र त्यसबेला रचना गरिएका कृतिहरु अहिलेको समयमा पनि सान्दर्भिक रहेको बताउँदै नेपाली कविताको श्रीवृद्धिमा कविशिरोमणि लेखनाथ पौड्यालको महत्वपूर्ण र विशिष्ट योगदान रहेको बताएका थिए । उक्त अवसरमा धन्यवाद व्यक्त गर्दै महोत्सवका प्रचार प्रसार संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले पूर्वीय दर्शनभित्र लुकेर बसेका जटिलतालाई व्यावहारिक रुपमा सिर्जनामार्फत सर्वसाधारणसम्म पुऱ्याउने काम गरेको बताउँदै सामाजिक चेतना र जागरणको आवाज कवितामार्फत उठाउन कवि लेखनाथको विशेष भूमिका रहेको बताएका थिए ।

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा सञ्चालन भएको महोत्सवको ११ औं दिन आईतबार मात्रै ८० लाख बराबरको कारोबार भएको र हालसम्म ८ करोड ५० लाखको कारोबार भएको प्रचार प्रसार संयोजक उपेन्द्रराज सुवेदी 'राजु' ले जानकारी दिए । यसै गरी महोत्सवको हालसम्म ३ लाख दर्शकहरुले अवलोकन गरेका छन । आईतबार मात्रै २० हजार दर्शकहरुले महोत्सवको अवलोकन गरेको लेखनाथ उद्योग वाणिज्य संघकी महासचिव जानुका पराजुलीले जानकारी दिईन । हालको शिथिल अर्थतन्त्रको अवस्थामा पनि महोत्सवमा देखीएको दर्शकहरुको उपस्थीती र कारोबारले आफुहरुलाई उत्साहित बनाएको र यसले महोत्सवको लक्ष्यभन्दा पनि वढि दर्शक र कारोबार हुनेमा विश्वस्त रहेको संघका अध्यक्ष एवं महोत्सवका मुल संयोजक विनोद श्रेष्ठले बताए । आईतबार लोकदोहोरी कलाकारहरु राजु परियार, जलुमाया गुरुङ, श्रीराम थापा, ईन्द्रा गुरुङ, मञ्जु वि.क., रामप्रसाद ढकाल, पुजा गुरुङ बाल कलाकार प्रिन्स लम्साल लगायतले प्रस्तुती राख्नेछन भने हाँस्यव्यग्यतर्फ पवन खतिवडा'म्याकुरी' र बेलुका लाईभ कन्सर्टमा र्‍यापर विवश जेके, डेभिड शंकर र ओम गुरुङ लगायतले स्टेज तताएका थिए ।

आईतबार लोकदोहोरी कलाकारहरु पार्वती जिसी, शिवहरी ढुंगाना, सुमन परियार, ध्रुव जि.सी, लक्ष्मी नेपाली, गगन गुरुङ, देवी महतो, दिपक अधिकारी, नविना सुवेदी र माधव चापागाई लगायतको प्रस्तुती रहनेछ । महोत्सवको सोमबार नै एक समारोहका विच पोखरा महानगरपालिकाका प्रमुख मेयर धनराज आचार्यले समापन गर्ने कार्यक्रम रहेको आयोजकले जानकारी दिएको छ ।

# करापुटार समाजको रक्तदानमा ५१ युनिट संकलन

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

ईशानेश्वर करापुटार पोखरा सम्पर्क समाजको आयोजनामा भएको रक्तदान कार्यक्रममा ५१ युनिट रगत संकलन भएको छ ।

पोखराअमरसिंहचोकमाशनिवार आयोजित कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १२ का वडाअध्यक्ष सन्तोषबास्तोलालेसमाजकाअध्यक्ष बलराम घिमिरेलाई ब्लडब्याग हस्तान्तरण गरि कार्यक्रमको शुभारम्भ गर्नुभयो । कार्यक्रममा बोल्दै प्रमूख अतिथि बास्तोलाले ईशानेश्वर र करापुटार क्षेत्रबाट पोखरा आएर विभिन्न पेशा व्यवसायमा आवद्ध व्यक्तिहरुलाई सुख दुखमा साथ दिन खोलीएको संस्थाले रक्तदान जस्तो महत्वपुर्ण कार्यक्रम गर्नु प्रशंसनिय रहेको बताउनुभयो । उहाँले संस्थालाई आवश्यक पर्ने ठाउँमा आफ्नो सधै साथ रहने बताउनुभयो ।

रक्तसंचार पोखराको प्राविधिक सहयोगमा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १२ का सचिव महेश्वर अर्याल, मध्यनेपाल नगरपालिका वडा नं. ७ का पुर्व वडाअध्यक्ष गगन घिमिरे, कुसुमाकर मावि करापुटारका प्रधानध्यापक ध्रुवराज घिमिरे लगायतको उपस्थिति रहेको थियो । ईशानेश्वर करापुटार पोखरा सम्पर्क समाजका अध्यक्ष बलराज घिमिरेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा समाजका सहसचिव एवं रक्तदान कार्यक्रमका संयोजक प्रल्हाद चन्द्र घिमिरेले स्वागत र समाजका सचिव निर्मल सोतीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

# कानुङ नमुना मगर समाजको एकदिने तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ पुस

'भाषा, कला धर्म र संस्कृतिको जगेर्ना गरौ, पुख्यौली इतिहासलाई संरक्षण गरौं' भन्ने नारासहित नदीपुरमा सक्रिय रहेको कानुङ नमुना मगर समाजले एकदिने तालिम सम्पन्न गरेको छ ।




समाजका सदस्यहरुको व्यक्तित्व विकास र क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित शनिबार व्यक्तित्व विकास तथा उद्घोषण तालिम सम्पन्न गरेको हो । समाजका अध्यक्ष किरण सारु मगरले समाजमा आवद्ध सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एक दिने तालिम आयोजना गरेको जानकारी दिए । उनका अनुसार सो तालिममा धिरन गाहामगरले मगरको इतिहास र वर्तमान अवस्थाबारे, सिर्जना थापामगर र श्याम चौहान मगरले नेतृत्व तथा व्यक्तित्व विकास र पत्रकार सुशान्त गाहामगरले उद्घोषणबारे तालिम दिएका थिए । 'यो तालिमको अवधि छोटो भएपनि निकै महत्वपूर्ण रह्यो, समाजका अध्यक्ष सारु मगरले भने, 'आगामी दिनमा अझै यसलाई व्यापकता गर्ने लक्ष्य लिएका छौ । साथै महिलाहरुलाई उद्यमशिलतामा कसरी जोड्ने भन्नेबारे पनि तालिम दिनेछौं ।' सो कार्यक्रममा बोल्दै प्रमुख अतिथिसमेत रहेका कविराम थापामगरले सकरात्मक तथा रचनात्मक कार्यक्रम गरेको बताउदै प्रशंसा गरे । उनले आगामी दिनमासमेत यस्तै खालको कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखे । यो कार्यक्रम निकै फलदायी बनेको छ । यसले हाम्रो समाजका सदस्यहरुको क्षमता अभिवृद्धि गर्न निकै टेवा पुर्याएको छ, थापा मगरले भने, 'त्यसैले आगामी दिनमा पनि यस्तो खालको कार्यक्रमले निरन्तरता पाओस् भन्ने मेरो शुभेच्छा छ ।'

कार्यक्रममा करिब ५० जनाको सहभागिता रहेको थियो ।

समाजका अध्यक्ष किरण सारु मगरको सभापतित्वमा सम्पन्न कार्यक्रममा सोनी थापामगरले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् भने तिलक बराल मगरले कार्यक्रम सञ्चालन गरेका थिए ।

# 'दुर्गमको विकासका लागि संघीय व्यवस्था वरदान हो'

पोखरापत्र संवाददाता
म्याग्दी, १५ पुस

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले विकट र दुर्गम क्षेत्रको विकासमा पहुँच बढाउन सङ्घीय व्यवस्था वरदान साबित भएको बताउनुभएको छ । म्याग्दीको मङ्गला गाउँपालिका-५ अर्मनको कैलाशफाँटमा आजदेखि सुरु भएको पालिकास्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन कार्यक्रममा मन्त्री जुग्जालीले प्रदेश सरकार र स्थानीय तह स्थापना भएपछि पछाडि परेको ठाउँमा विकासका पूर्वाधार निर्माणले गति लिएको बताउनुभयो । "सङ्घीयता र गणतन्त्रको विषयमा टिप्पणी गर्ने युवा पुस्तालाई राजा र पञ्चायतको समयमा कस्तो थियो भनेर बुबा-आमा, हजुरबुबा-हजुरआमालाई सोध्नुहुन अनुरोध छ," उहाँले भन्नुभयो, "काठमाडौँ, पोखरामा बसेर होइन म्याग्दीको दुर्गम गुर्जाको आँखाले हेर्दा सङ्घीयता वरदान हो ।"

गण्डकी प्रदेश सरकारले छ वर्षको अवधिमा एक हजार तीन सय किलोमिटर सडक स्तरोन्नति र ८१ वटा मोटरेबल पुल निर्माण गरेको उहाँले जानकारी दिनुभयो । हाल पाँचजना जनप्रतिनिधि रहेको तत्कालीन एउटा गाविसका नौवटा वडामा ४७ जना जनप्रतिनिधि भएको बिर्सिएर सङ्घीयताको विरोध र महँगो भयो भन्ने टिप्पणी गर्नु गलत भएको मन्त्री जुग्जालीको भनाइ थियो ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००९ पुस १२

स्वर्गारोहणः
वि.सं. २०८० पुस ०४

**स्व. रन्जती देवी चापागाई**

मेरी धर्म पत्नी, हाम्री ममतामयी आमा/हजुरआमा/भाउजु/दिदी रन्जती देवी चापागाईको ७१ वर्षको उमेरमा भएको असामयीक निधनको आज १३ औं दिनको पुण्यतिथिमा अमर आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुखद् घडीमा हाम्रो परिवारलाई समवेदना तथा सहानुभुति प्रकट गर्नुहुने बन्धुबान्धव, इष्टमित्र, छरछिमेकी, शुभचिन्तक तथा विभिन्न संघ संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**छोरा/बुहारीहरु :**
सु. मेघराज/सीता चापागाई
डा. विष्णु प्रसाद/विस्ता शर्मा चापागाई

**छोरी/ज्वाइँ**
लालमाया/कृष्ण सुवेदी

**श्रीमान : सु. नरभुपाल चापागाई**

**देवर/देउरानी :**
रमाकान्त/निलकुमारी चापागाई

**बहिनी ज्वाइँ :**
जयालक्ष्मी/होमनाथ अधिकारी

**नाति/नातिनाहरु :**
स्मृति, पल्लवी, सिम्रन, प्रनव, इसान, रिहान्स चापागाई

पुनश्चः आज मिति २०८० पुस १६ गते सोमबार हुने १३ औं दिनको शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणका लागि उपस्थिति भईदिनुहुन सम्पूर्ण इष्टमित्र, कुलकुटुम्ब, बन्धुबान्धव, विभिन्न संघसंस्था एवम् शुभचिन्तकहरुमा हार्दिक अनुरोध गर्दछौं । समय बिहान ९ बजेदेखि, स्थानः निवास पोखरा-१०, इन्द्रचोक

**तथा समस्त चापागाई परिवार**
अर्जुनचौपारी-४, ओख्ले बाटामाथी, स्याङ्जा हाल पोखरा-१०, इन्द्रचोक